नेपाल खुला विश्वविद्यालयको उपकुलपति र कुल सचिव छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८३

स्वीकृत मिति २०८३।०६।०७

नेपाल खुला विश्वविद्यालयको सभाबाट विश्वविद्यालयको उपकुलपति र कुल सचिव नियुक्ति गर्ने प्रयोजनका लागि नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २२ को उपदफा (१) बमोजिम सिफारिस समिति गठन भएको, खुला शिक्षा प्रणालीका नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गर्न, यसको प्राज्ञिक तथा शैक्षिक प्रशासनिक वातावरण समृद्ध बनाउन उपकुलपति र कुल सचिव को भूमिका महत्वपूर्ण हुने भएको र योग्य तथा क्षमतावान् व्यक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट उपकुलपति र कुल सचिवमा नियुक्तिको लागि सिफारिस गर्नुपर्ने भएकोले उम्मेदवार छनोटका विधि, आधार र प्रक्रिया तय गरी उपकुलपति तथा कुल सचिव सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपाल खुला विश्वविद्यालयको उपकुलपति र कुल सचिव छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले ऐ. ऐनको दफा २२ को उपदफा (३) बमोजिम देहायको कार्यविधि बनाई लागु गरेको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नेपाल खुला विश्वविद्यालयको उपकुलपति र कुल सचिव छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई उपकुलपति र कुल सचिव सिफारिस नहुँदासम्म कायम रहनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले नेपाल खुला विश्वविद्यालयको उपकुलपति वा कुल सचिवको पदमा नियुक्तिका लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ सम्झनु पर्छ।

(ग) "नजिकका नातेदार" भन्नाले एकाघरको परिवार सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुनबमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारीसमेतलाई जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा, तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(च) "विश्वविद्यालय" भन्नाले नेपाल खुला विश्वविद्यालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २२ को उपदफा (१) बमोजिमको उपकुलपति र कुल सचिव सिफारिस समिति सम्झनु पर्छ।

(ज) “संयोजक” भन्नाले विश्वविद्यालयको उपकुलपति र कुल सचिव छनोट तथा सिफारिस समितिको संयोजक सम्झनुपर्छ ।

३.**<u>बैठक सम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको गणपूरक सङ्ख्याको लागि समितिको संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजकसहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. **<u>आवश्यक न्यूनतम योग्यताः</u>** (१) यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) प्राध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बिस वर्ष काम गरेको ख्याति प्राप्त शिक्षाविद् भएको,

(ग) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नभएको,

(घ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ङ) चालिस वर्ष उमेर पूरा भएको,

(च) उच्च नैतिक चरित्र भएको,

(छ) नेपाली नागरिक भएको,

(च) दरखास्त दिनु तत्कालअघि कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(२) यस कार्यविधि बमोजिम विश्वविद्यालयको कुल सचिव नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) प्राध्यापन, अनुसन्धान वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,

(ग) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(घ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ङ) नेपाली नागरिक भएको,

(च) दरखास्त दिनु तत्कालअघि कुनै राजनीतिक दलको सदस्य नरहेको ।

५. **<u>सूचना प्रकाशन गर्ने:</u>** (१) विश्वविद्यालयको उपकुलपति र कुल सचिव नियुक्तिका लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका, नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको वेबसाइटमा ७ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेस हुन आएमा समितिले पेस हुन आएका दरखास्त कायम राखी इच्छुकलाई दरखास्त पेस गर्न बढीमा ३ दिनको समयावधि थप गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेस हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त भई स्वीकृत भएका दरखास्तलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ।

६. **<u>दरखास्त साथ पेस गर्नुपर्ने कागजातः</u>** (१) उपकुलपतिको लागि न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः

(क) स्नातकोत्तर उपाधिका शैक्षिक प्रमाण पत्रको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिका हकमा समकक्षता प्रमाणपत्र) पेस गर्नुपर्नेछ।

(ख) विद्यावारिधि गरेको भए सो उपाधिको प्रमाणपत्रको प्रतिलिपि,

(ग) विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भएको भए नियुक्तिपत्रको प्रतिलिपि,

(घ) प्राध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बिस वर्षको अनुभव हासिल गरेको पत्र,

(ङ) प्रचलित कानून बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो हारका उच्च शैक्षिक संस्था वा निकायको पदाधिकारीको पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) उच्च शिक्षाको विकास, संवृद्धि, शैक्षिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा कुनै पुस्तक लेखी प्रकाशन गरेको भए सोको प्रति,

(छ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(ज) अनुसूची-२ मा उल्लेख भएका Ranked Journal वा समकक्ष समीक्षित जर्नल (Peer Reviewed Journal) मा उच्च शिक्षासँग सम्बन्धित तथा आफ्नो विषय क्षेत्रसँग सम्बन्धित अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(झ) बढीमा पाँच हजार शब्दसम्मका नेपाल खुला विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) तथा चार वर्षे रणनीतिक कार्ययोजना (Four Year Strategic Action Plan of University),

(यसरी सोचपत्र तथा रणनीतिक कार्ययोजना पेस गर्दा खण्ड “क” मा सोचपत्र र खण्ड “ख” मा कार्ययोजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ)

(ञ) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र,

(ट) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको बेहोरा खुलेको स्वःघोषणा पत्र,

(ठ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) कुल सचिव को लागि न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट हासिल स्नातकोत्तर उपाधिका प्रमाण पत्रको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिका हकमा समकक्षता प्रमाणपत्र) पेस गर्नु पर्नेछ।

(ख) विद्यावारिधि गरेको भए सो उपाधिको प्रमाणपत्रको प्रतिलिपि,

(ग) नियुक्तिपत्रको प्रतिलिपि,

(घ) प्राध्यापन, अनुसन्धान वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको प्रमाणको प्रतिलिपि,

(ङ) अनुसूची-३ मा उल्लेख भएका Ranked Journal वा समकक्ष समीक्षित जर्नल (Peer Reviewed Journal) मा उच्च शिक्षासँग सम्बन्धित तथा आफ्नो विषय क्षेत्रसँग सम्बन्धित अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(च) बढीमा पाँच हजार शब्दसम्मका नेपाल खुला विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) तथा चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Action Plan of University)

(यसरी सोचपत्र र कार्ययोजना पेस गर्दा खण्ड “क” मा सोचपत्र र खण्ड “ख” मा कार्ययोजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ।)

(छ) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र,

(ज) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको बेहोरा खुलेको स्वःघोषणा पत्र,

(झ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(३) उपदफा (१) खण्ड (ज) र उपदफा (२) को खण्ड (ज) बमोजिमको नेपाल खुला विश्वविद्यालयको सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजना (Vision Paper and Four-Year Strategic Action Plan of University) अङ्ग्रेजीमा भए Times New Roman 12 Font Size र नेपालीमा भए प्रिति वा युनिकोडमा क्रमशः १४ वा १२ फन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाइ सो बाहेक सुरूदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको सङ्केत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम उम्मेदवारले पेस गर्नु पर्ने दरखास्तको ढाँचा अनुसूची-१ अनुसार हुनेछ ।

७. **<u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्नेः</u>** (१) उपकुलपतिको हकमा यस कार्यविधिको दफा ४ को उपदफा (१) तथा दफा ६ को उपदफा (१) र कुल सचिव को हकमा दफा ४ को उपदफा (२) र दफा ६ को उपदफा (२) बमोजिमको योग्यता एवम् प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेस गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

८. **<u>छनोट विधिः</u>** (१) समितिले उम्मेदवारबाट पेस हुन आएका योग्यता, अनुभव, अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनासहितको मूल्याङ्कन, उम्मेदवारले गरेको सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी योग्यताक्रमका आधारमा उपकुलपतिको हकमा ऐनको दफा १८ को उपदफा (२) र कुल सचिव को हकमा ऐनको दफा १९ को उपदफा (३) बमोजिम नियुक्तिका लागि क्रमशः नेपाल सरकार र कुलपतिसमक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपकुलपति छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) प्राध्यापक पदमा कार्यरत अनुभव

(ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव,

(ग) उच्च शिक्षाको विकास, संवृद्धि, शैक्षिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा किताब प्रकाशन गरेको भए सो वापतको अङ्क,

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना,

(ङ) Peer-Reviewed Journal वा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,

(च) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) तथा विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजना (Strategic Action Plan) को मूल्याङ्कन,

(छ) खण्ड (च) बमोजिमको सोचपत्र र रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण,

(ज) अन्तर्वार्ता

(३) उपदफा (१) बमोजिमको कुल सचिव छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) शैक्षिक उपाधि,

(ख) प्रशासनिक तथा व्यवस्थापकिय अनुभव

(ग) Peer-Reviewed Journal वा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,,

(घ) विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको मूल्याङ्कन,

(ङ) खण्ड (घ) बमोजिमको सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण,

(च) अन्तर्वार्ता।

(४) उपदफा (२) र (३) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार उपकुलपतिको हकमा अनुसूची-२ र कुल सचिव को हकमा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **छनोटको चरण:** (१) यस कार्यविधिको दफा ८ को उपदफा (२) को खण्ड (क),(ख), (ग), (घ),(ङ) र (च) बमोजिम र उपदफा (३) को खण्ड (क),(ख), (ग), र (घ) बमोजिमको मूल्याङ्कनको आधारमा जम्मा प्राप्ताङ्क कायम गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई क्रमशः उपकुलपति र कुल सचिव को संक्षिप्त सूची (Short list) मा राखी प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संक्षिप्त सूची (Short list) प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म कम्तीमा तीन जनाभन्दा कम नहुने गरी संक्षिप्तसूची (Short list) तयार गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको संक्षिप्त सूची (Short list) मा रहेका उम्मेदवारहरूलाई सार्वजनिक सूचनामार्फत तीन दिनको समय दिइ दफा ८ बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(४) विश्वविद्यालयको सोचपत्र तथा रणनीतिक कार्ययोजना एकभन्दा बढी विज्ञबाट मूल्याङ्कन गराउन सकिनेछ र यसरी भएको मूल्याङ्कनमा मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कबाट औसत निकालेर उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ।

(५) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना मूल्याङ्कनका लागि उम्मेदवारको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र चार वर्षे रणनीतिक कार्ययोजनालाई कोडिङ गरिनेछ।

(६) उपदफा (५) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको मूल्याङ्कन भएपश्चात सिलबन्दी गोप्य राखिनेछ र प्रस्तुतीकरण तथा अन्तर्वार्ता सम्पन्न भएपश्चात दफा १३ बमोजिम नाम सिफारिस गर्ने समयमा मात्र खोलिनेछ।

(७) विश्वविद्यालयको सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा उपकुलपतिको हकमा अनुसूची-४ र कुल सचिव को हकमा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(८) यस दफा बमोजिम मूल्याङ्कन गरिएका कागजातहरू सिलबन्दी गरी गोप्य रूपमा राखिनेछ।

१०. **प्रस्तुतीकरण र अन्तर्वार्ता:** (१) दफा ९ को उपदफा (३) बमोजिम आमन्त्रण गरिएका उम्मेदवारलाई मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा बिरामी भई अस्पताल भर्ना भएको कारण निर्धारित मिति र समयमा अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष निवेदन गर्न सक्नेछ।

(३) उपदफा (२) को अवस्था परेको भनी कुनै दरखास्तवालाले समितिसमक्ष निवेदन गरेमा समितिले निवेदन प्राप्त भएको मितिले त्यस्तो उम्मेदवारका लागि १० दिनभित्र प्रस्तुतीकरण र अन्तर्वार्ताको समय निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि समितिले निर्धारित समय बाहेकको अन्य समय उपलब्ध गराउने छैन।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ र त्यसरी भएको मूल्याङ्कनमा बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो बढी वा घटी दिएकोमा चालीस प्रतिशत अङ्क कायम हुनेछ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औसत अङ्क कायम गरी प्राप्ताङ्क कायम गरिनेछ।

(७) प्रस्तुतीकरणको मूल्याङ्कनसम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-६ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने ढाँचा अनुसूची-७ मा व्यवस्था भए बमोजिम हुनेछ।

११. <u>उपसमिति गठन तथा सेवा लिनसक्नेः</u> (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि उपसमिति गठन गर्न आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यससम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सकिनेछ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरणमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञका रूपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त व्यक्तिबाट छनोट गर्नु पर्नेछ।

(५) समितिले आफ्नो कार्यसम्पादनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

१२. <u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुनेः</u> (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपति वा कुल सचिव को पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा सहकुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१३. <u>नाम सिफारिसः</u> (१) समितिले सिफारिस गर्दा अपनाएको प्रक्रिया समावेश गरी प्रतिवेदन तयार गर्नेछ र सोसहित उपकुलपतिको हकमा नेपाल सरकारसमक्ष र कुल सचिव को हकमा कुलपतिसमक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन तीन जनाको नाम योग्यताक्रमअनुसार हुने गरी क्रमशः उपकुलपति र कुल सचिव को पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ।

१४. **<u>खर्चसम्बन्धी व्यवस्थाः</u>** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालयबाट नियमानुसार भुक्तानी हुनेछ।

१५. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** समितिले यस कार्यविधिबमोजिम काम कारवाही गर्दा कुनै बाधा अड्चन आइपरेमा त्यस्ता बाधा अड्काउ फुकाउने गरी निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णय मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

१५. **<u>कागजपत्रको संरक्षणः</u>** समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

१६. **<u>सचिवालयः</u>** समितिको सचिवालय मन्त्रालयको उच्च शिक्षा महाशाखामा रहनेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

दरखास्तको ढाँचा

श्री संयोजकज्यू,
नेपाल खुला विश्वविद्यालयको उपकुलपति र कुल सचिव छनोट तथा सिफारिस समिति,
शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

नेपाल खुला विश्वविद्यालयको रिक्त उप-कुलपति/ कुल सचिव पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपति/ कुल सचिव को पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव ममा रहेको छ भन्ने यो दरखास्त पेश गर्दा र कुनै राजनीतिक दलको सदस्य नरहेको, नेपाल खुला विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको र Plagiarism नगरेको स्वघोषणा गर्दै उपकुलपति/ कुल सचिव पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता गर्दै व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नाम: नेपाल खुला विश्वविद्यालय
२. नियुक्ति हुन चाहेको पदः ....

३. दरखास्त पेश गर्ने व्यक्तिको:

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी): ....
ENGLISH BLOCK LETTER: ....
हाल कार्यरत संस्था: .... पद: ....
नेपाली नागरिकताको प्रमाण पत्र नं.: .... जारी मिति: .... जिल्ला: ....
स्थायी ठेगाना: ....
अस्थायी ठेगाना: ....
जन्म मिति: .... साल .... महिना .... गते
सम्पर्क नम्बर: .... इमेल: ....

(ख) शैक्षिक योग्यताको विवरणः

क्र.सं.	उपाधि	विश्वविद्यालय/शिक्षण संस्था	उपाधि प्राप्त गरेको साल	विषय शीर्षक
१	स्नातकोत्तर			
२.	विद्यावारिधि			

(ग) अनुभवः (पदाधिकारी भए सो सहित)

क.सं.	पद	कार्यरत संस्था	कार्यरत अवधि (देखि - सम्म)	कैफियत

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

क.सं.	परियोजनाको शीर्षक	परियोजना पेश गरेको निकाय	अनुसन्धान टोलीको नामावली*	परियोजना सम्पन्न गरेको मिति**	कैफियत

* आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनुपर्नेछ।

** परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ।

(ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

Ranked Journals (SCImago/Scopus Journal Ranking)

क.सं.	लेखको शीर्षक	जर्नलको नाम र अङ्क	अनुसन्धानकर्ताको नाम	प्रकाशक	प्रकाशन मिति	कैफियत (SCImago Rank)

*** For SCImago Rank, Visit: http://www.scimagojr.com

Peer-Reviewed Journals

क.सं.	लेखको शीर्षक	जर्नलको नाम र अङ्क	अनुसन्धानकर्ताको नाम	प्रकाशक र देश	प्रकाशन मिति	कैफियत

(च) पुस्तक सम्बन्धी विवरण

क.सं.	पुस्तकको शीर्षक	प्रकाशक	पुस्तक लेखकहरूको नाम	ISBN	कैफियत

(छ) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण १ प्रति,

(४) स्नातकोत्तर तथा विद्यावारिधि उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरेको भए सो को नेपालको विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको),

(५) प्राध्यापकको हकमा शुरु नियुक्तिपत्रको प्रतिलिपि,

(६) उच्च शैक्षिक क्षेत्रको लागि कुनै किताब लेखेको भए सोका प्रतिहरु,

(७) खण्ड (घ) मा उल्लेखित परियोजना सम्पन्न गरेको प्रमाणपत्र,

(८) खण्ड (ङ) मा उल्लेखित लेखहरु,

(९) विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) तथा रणनीतिक कार्ययोजना (Strategic Action Plan) - थान तीन,

(१०) कुनै राजनीतिक दलको सदस्य नरहेको, प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको र plagiarism नगरेको तथा नेपाल खुला विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

औंठा छाप	
दाँया	बाँया

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

पुनश्चः आवेदक भ्रष्टाचारजन्य, व्यक्तिगत आचरण सम्बन्धी लगायतका कुनै पनि अभियोग नलागेको सदाचारयुक्त हुनुपर्नेछ। कसैको त्यस प्रकारको उजुरी वा गुनासो प्राप्त भएमा त्यस्ता आवेदनलाई अस्वीकार गर्न बाधा हुनेछैन। यस सम्बन्धी कुनै प्रश्न निरोपण गर्ने सिलसिलामा समितिले सरोकारवाला निकायहरूमा लेखी पठाई जाँचबुझ गर्न सक्नेछ।

अनुसूची-२

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतिकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतिकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था	अधिकतम अङ्कभार	अङ्क विभाजन र आधार
(क) प्राध्यापक पदमा कार्य अनुभव।	१०	मान्यता प्राप्त स्वदेशी तथा विदेशी विश्वविद्यालयमा प्राध्यापक पदमा कार्यरत भएको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम १० अङ्क। द्रष्टव्य: वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले दुई अङ्कलाई भाग गरी आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुनेछैन।
(ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको।	४	प्रति वर्ष एक अङ्कका दरले बढीमा ४ वर्षको लागि अधिकतम ४ अङ्क। द्रष्टव्य: (१) वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले दुई अङ्कलाई भाग गरी महिनाले गुणा गर्दा आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुनेछैन। (२) आफू पदाधिकारी भएको व्यहोरा दरखास्तमा खुलाउनुपर्नेछ। त्यस्तो पद पदाधिकारीको पद मान्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुनेछैन। (३) यस खण्ड अन्तर्गत पदाधिकारी व्यक्तिको अनुभवको अङ्क प्रदान गर्दा कार्यसम्पादनको स्तरलाई समेत आधार बनाइनेछ।
(ग) पुस्तक लेखी आईएसबीएन प्राप्ति सहित सोको प्रकाशन गरेकोमा दुई कृतिसम्मको लागि	५	सम्बन्धित विषय वा उच्च शिक्षाका क्षेत्रमा किताब लेखे वापत प्रति किताब वापत दुई दशमलव पाँच अङ्कका दरले दुई कृतिसम्मको लागि ५ अङ्क। द्रष्टव्य: यस्तै पुस्तक एकल रुपमा लेखेको प्रति पुस्तक दुई दशमलव पाँच अङ्कका दरले ५ अङ्क र संयुक्त रुपमा लेखेको भए दुई दशमलव पाँच अङ्कमा जति जना भई लेखेको हो सोको दामासाहीले अङ्क।
(घ) उच्च शिक्षाको क्षेत्रमा प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरेवापत।	६	(१) उच्च शिक्षाको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भई सम्पन्न गरेवापत प्रति अनुसन्धान वापत तीन अङ्कका दरले दुई वटा अनुसन्धानको लागि ६ अङ्क, वा (२) राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भई सम्पन्न गरेवापत प्रति अनुसन्धान वापत एक दशमलव पाँच अङ्कका दरले चार वटा अनुसन्धानको लागि ६ अङ्क। (३) माथि खण्ड (१) र (२) बमोजिमको अनुसन्धानमा कसैले अन्तर्राष्ट्रिय अनुसन्धान वापत एक र राष्ट्रिय अनुसन्धानमा अन्य अनुसन्धान गरेको अवस्थामा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्नेछैन। (४) टोली सदस्य भई अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको संख्याले अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाहीले अङ्क प्रदान गरिनेछ।

योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतिकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था	अधिकतम अङ्कभार	अङ्क विभाजन र आधार
(ङ) उच्च शिक्षाको क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन	१०	उच्च शिक्षाको क्षेत्रमा Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे बापत अधिकतम पाँचवटा लेखको लागि २ अङ्कका दरले १० अङ्क (१) SCImago Journal Ranking को Q_1 देखि Q_2 सम्ममा First or Corresponding Author भए प्रति लेख २ अङ्क, Co- Author भए First Author लाई १ अङ्क, र बाँकी Co- Author लाई बाँकी १ अङ्कको दामसाहीले प्राप्त हुन अङ्क (२) SCImago Journal Ranking को Q_3 देखि Q_4 सम्ममा First or Corresponding Author भए प्रति लेख १.५ अङ्क, Co- Author भए First Author लाई ०.७५ अङ्क, र बाँकी Co- Author लाई बाँकी ०.७५ अङ्कको दामसाहीले प्राप्त हुन अङ्क (३) नेपजोल सम्मको Peer Reviewed Journal मा कुनै अनुसन्धानात्मक लेख प्रकाशन गरेको अवस्थामा First or Corresponding Author भए प्रति लेख १ अङ्क, Co- Author भए First Author लाई ०.५ अङ्क, र बाँकी Co- Author लाई बाँकी ०.५ अङ्कको दामसाहीले प्राप्त हुन अङ्क
(च) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) तथा चार वर्षे रणनीतिक कार्ययोजना (Strategic Action Plan) मूल्याङ्कन मूल्याङ्कन	२५	(१) विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता - २.५ (२) विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता - २.५ (३) Faculty Development तथा सुदृढीकरण - २.५ (४) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास - २.५ (५) विश्वविद्यालयलाई World Ranking १०००भित्र पर्न लिनुपर्ने कार्यनीति - २.५ (६) मानव संशाधन व्यवस्थापन सम्बन्धी कार्यनीति - २.५ (७) विश्वविद्यालयको विद्यमान अवस्था - २ (८) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis - २ (९) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण - २ (१०) डिजिटल/ दुरशिक्षा सिकाई रणनीति/ कार्यानीतिहरूको पहिचान - २ (११) विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन साँचा सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना - २
(छ) प्रस्तुतिकरण	२०	प्रस्तुतिकरणको मूल्याङ्कन अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ।
(ज) अन्तर्वार्ता	२०	अन्तर्वार्ताको मूल्याङ्कन अनुसूची ७ मा व्यवस्था भए बमोजिम हुनेछ।

अनुसूची-३

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

योग्यता, अनुभव, सोचपत्र तथा कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

योग्यता, अनुभव, सोचपत्र तथा कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था	अधिकतम अङ्कभार	अङ्क विभाजन र आधार
(क) शैक्षिक उपाधि	१०	मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको शैक्षिक उपाधि प्राप्त गरेको भए (प्रथम श्रेणी भए १०, द्वितिय श्रेणी भए ८ र अन्य ६ अङ्क)
(ख) प्रशासकिय तथा व्यवस्थापकीय अनुभव	१०	मान्यता प्राप्त विश्वविद्यालय वा प्रशासनिक निकायमा प्रशासकिय तथा व्यवस्थापकीय पदमा नियुक्ति लिई कार्यानुभव भएको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम १० अङ्क द्रष्टव्यः यसमा पूरा वर्ष नभए अङ्क उपलब्ध हुने छैन। (न्यूनतम १५ वर्ष भन्दा माथीको मात्र प्रति वर्ष २ अङ्कका दरले वढीमा पाँच वर्षको १० अङ्क)
(ग) अनुसन्धानमूलक लेख प्रकाशन	१०	उच्च शिक्षाको क्षेत्रमा Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे बापत अधिकतम पाँचवटा लेखको लागि दुई अङ्कका दरले दश अङ्क (१) SCImago Journal Ranking को Q_1 देखि Q_2 सम्ममा First or Corresponding Author भए प्रति लेख २ अङ्क, Co- Author भए First Author लाई १ अङ्क, र बाँकी Co-Author लाई बाँकी १ अङ्कको दामसाहीले प्राप्त हुन अङ्क (२) Q_3 वा Q_4 वा नेपजोल सम्मको Peer Reviewed Journal मा कुनै अनुसन्धानात्मक लेख प्रकाशन गरेको अवस्थामा First or Corresponding Author भए प्रति लेख १ अङ्क, Co- Author भए First Author लाई ०.५ अङ्क, र बाँकी Co- Author लाई बाँकी ०.५ अङ्कको दामसाहीले प्राप्त हुन अङ्क
(घ) विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजना मूल्याङ्कन	३०	(१) विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-३ (२) विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता-३ (३) विश्वविद्यालयलाई पारदर्शिता, जवापदेहिता र शैक्षिक उन्नयनमा उत्कृष्ट केन्द्रको रूपमा विकास-३ (४) विश्वविद्यालयलाई विश्वको उत्कृष्ट विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति-३ (५) विश्वविद्यालयमा मानव संसाधन र परीक्षा व्यवस्थापनसम्बन्धी कार्यनीति — ३

		(६) विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात -३ (७) विश्वविद्यालयमा नवप्रवर्तन र रोजगारीसँगको आवद्धता- ३ (८) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण -३ (९) विश्वविद्यालयलाई सुचारू रूपमा सञ्चालन गर्न रणनैतिक रूपमा अङ्गिकार गर्नु पर्ने व्यवस्थापकीय विषय क्षेत्र (डिजिटल/दुरशिक्षा सिकाई) पहिचान-३ (१०) कुल सचिवको कार्य विवरण अनुसार ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना -३
(ङ) प्रस्तुतीकरण	२०	प्रस्तुतिकरणको मूल्याङ्कन अनुसूची ५ मा व्यवस्था भए बमोजिम हुनेछ।
(च) अन्तर्वार्ता	२०	अन्तर्वार्ताको मूल्याङ्कन अनुसूची ७ मा व्यवस्था भए बमोजिम हुनेछ।

अनुसूची-४

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक योजना मूल्याङ्कन ढाँचा

नेपाल खुला विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- मा प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका सिलसिलामा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

कोड: ....

क्र.सं.	मूल्याङ्कनका आधारहरु	पूर्णाङ्क	प्राप्ताङ्क	कैफियत
१	विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता	२.५		
२	विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता	२.५		
३	Faculty Development तथा सुदृढीकरण	२.५		
४	विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास	२.५		
५	विश्वविद्यालयलाई World Ranking मा एक हजारभित्र पर्न लिनुपर्ने कार्यनीति	२.५		
६	मानव संशाधन व्यवस्थापन सम्बन्धी कार्यनीति	२.५		
७	विश्वविद्यालयको विद्यमान अवस्था	२		
८	विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis	२		
९	विश्वविद्यालयको अन्य विश्वविद्यालय/सरोकारवालासँगको अन्तरसम्बन्धको विश्लेषण	२		
१०	डिजिटल/ दुरशिक्षा रणनीति/ कार्यानीतिहरूको पहिचान	२		
११	विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन साँचा सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना	२		
जम्मा		२५		

प्राप्ताङ्क अङ्कमा: ....

प्राप्ताङ्क अक्षरमा: ....

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्राप्ताङ्क -

मूल्याङ्कनकर्ताको हस्ताक्षर: ....

नाम: ....

मिति

अनुसूची-५

खण्ड (क)

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा

नेपाल खुला विश्वविद्यालयको कुल सचिव पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचनाअनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

क्र.स.	कोड नम्बर	मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क (अङ्क ३०)										जम्मा प्रामाङ्क अङ्कमा	जम्मा प्रामाङ्क अक्षरमा	कैफियत
		विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता (३ अङ्क)	विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता (३ अङ्क)	विश्वविद्यालयलाई प्राज्ञिक तथा अनुसन्धानको उत्कृष्ट केन्द्रको रूपमा विकास (३ अङ्क)	विश्वविद्यालयलाई विश्वको उत्कृष्ट विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति (३ अङ्क)	विश्वविद्यालयमा मानव संसाधन व्यवस्थापन सम्बन्धी कार्यनीति (३ अङ्क)	विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात (३ अङ्क)	विश्वविद्यालयमा नवप्रवर्तन र रोजगारीसँगको आबद्धता (३ अङ्क)	विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण (३ अङ्क)	विश्वविद्यालयलाई सुचारू रूपमा सञ्चालन गर्न रणनैतिक रूपमा अङ्गीकार गर्नु पर्ने क्षेत्रहरूको (डिजिटल/ दुरशिक्षा सिकाई) पहिचान (३ अङ्क)	कुल सचिवको कार्य विवरण अनुसार ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना (३ अङ्क)			

मूल्याङ्कनकर्ताको हस्ताक्षरः **नामः** **मितिः**

अनुसूची-६

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन ढाँचा

नेपाल खुला विश्वविद्यालयका उपकुलपति र कुल सचिव पदको लागि मिति २०८३।--।-- गते सिफारिस समितिबाट प्रकाशित सूचनाअनुसार यस शिक्षा तथा खेलकुद मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिई सङ्क्षिप्त सूचीमा रहेका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

उम्मेदवारको नामः **पदः**

क्र.	**मूल्याङ्कनको आधारहरु**	**पूर्णाङ्क (२०)**	**प्राप्ताङ्क**	**कैफियत**
१.	प्रस्तुतीकरण शैली	३		
२.	विश्वविद्यालयसम्बन्धी विषयवस्तुको पूर्णता	४		
३.	सोचपत्रमा सम्मिलित विषयवस्तुको जानकारी	४		
४	कार्ययोजना बारेको ज्ञान र कार्यान्वयन ढाँचामा स्पष्टता	४		
५.	तार्किक तथा विश्लेषणात्मक क्षमता	४		
६.	समय व्यवस्थापन	१		
कुल अङ्क		अङ्कमाः		
		अक्षरमाः		

मूल्याङ्कनकर्ताको हस्ताक्षरः
नामः
पदः
मितिः

अनुसूची-७

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा

नेपाल खुला विश्वविद्यालयका उपकुलपति र कुल सचिव पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचनाअनुसार यस शिक्षा तथा खेलकुद मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिइ सङ्क्षिप्त सूचीमा परेका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

आवेदकको नामः **पदः**

क्र.	**मूल्याङ्कनका आधारहरू**	**पूर्णाङ्क (२०)**	**प्राप्ताङ्क**	**कैफियत**
१.	प्रस्तुतीकरण शैली	२		
२.	विषयवस्तुको ज्ञान	६		
३.	नेतृत्व क्षमता	३		
४	समस्या र समाधान गर्ने क्षमता	३		
३.	विश्लेषणात्मक क्षमता	५		
४.	समय व्यवस्थापन	१		
कुल अङ्क		अङ्कमाः		
		अक्षरमाः		

अन्तर्वार्ताकारको हस्ताक्षरः

नामः **पदः** **मितिः**